# "कोभिड-१९ र बालबालिका:
# सरकार र नागरिक समाजका संघसंस्थाहरूको भुमिका"

## विषयक अनुसन्धान प्रतिवेदनको सारसंक्षेप



कन्सोर्टियम-नेपाल
Consortium Nepal

World Vision

# “कोभिड-१९ र बालबालिका:
# सरकार र नागरिक समाजका संघसंस्थाहरूको भुमिका”

## विषयक अनुसन्धान प्रतिवेदनको सारसंक्षेप



**प्रकाशक :** बाल सहभागितामा काम गर्ने संस्थाहरूको साझा समुह (कन्सोर्टियम नेपाल)

**सहयोग :** वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल

**सल्लाहकार :** किरण थापा
श्याम अधिकारी

**अनुसन्धानकर्ता :** दिपेश घिमिरे

**सह-अनुसन्धानकर्ता :** गौरब के.सी
अरज गौतम

**संयोजन समुह:** सन्तोष महर्जन
देवी रेग्मी
प्रदिप कुमार लामिछाने

**भाषा सम्पादन :** कुमार भट्टराई

**अनुसन्धान सहयोग :** गोविन्द शाही
शालिकराम पाण्डे
प्रकाश खतिवडा
दिपक शर्मा
रूद्र थेवे

**प्रकाशन वर्ष :** २०७८

# विषयक अध्ययन प्रतिवेदनको सारसंक्षेप

## अध्ययनको पृष्ठभूमि र परिचय

कोभिड- १९ को महामारीले अहिले विश्वलाई नै आक्रन्त पारिरहेको छ । सन् २०१९ को नोभेम्बर १७ मा पहिलोपटक चीनको वुहानमा देखिएको कोरोना भाइरस विश्वभरी फैलने क्रममा नेपालमा जनवरी २०२० मा पत्ता लागेको थियो ।

कोभिड- १९ को संक्रमणलाई थप फैलिन नदिनका लागि नेपालले पनि पहिलोपटक २०७६ चैत ११ गते देखि र दोस्रोपटक २०७८ वैशाख १६ गतेबाट घोषित रूपमा बन्दाबन्दी गऱ्यो । कोभिडको पहिलो र दोस्रो लहरबाट प्रौढ र वयस्क व्यक्तिलाई बढी असर पाऱ्यो । हाल प्रौढ र वयस्क धेरैले कोभिड-१९को खोप समेत लगाई सकेको अवस्थामा सम्भावित तेस्रो लहरबाट भने बालबालिकालाई बढी असर पार्ने विज्ञहरूको भनाइ छ ।[1] यसरी कोभिडको तेस्रो लहरबाट बालबालिकालाई बढी असर गर्ने अनुमान गरिँदै गर्दा कोभिड विरूद्धको हाम्रो तयारीहरूलाई थप बालकेन्द्रित गर्न अत्यावश्यक भएको छ । यसप्रकार बालकेन्द्रित योजना तर्जुमाका लागि हालसम्म बालबालिकालाई लक्षित गरी कोभिड-१९को रोकथाम र नियमनका लागि तीनै तहका सरकारहरूबाट भए गरेका नीतिगत तथा कार्यक्रमिक पहलकदमीहरु र विकास साझेदारका रूपमा रहेका नागरिक समाजका संघसंस्थाहरूले गरेका प्रयासहरूको समीक्षा हुन जरूरी देखिएको छ । हालसम्म हामीले गरेका प्रयासहरूको समीक्षा गर्नु पर्ने चरणमा सम्पन्न यस अध्ययनले तीनै तहका सरकार र नागरिक समाजका संघसंस्थाहरूले कोभिड-१९ बाट बालबालिकालाई सुरक्षित राख्नको लागि गरिरहेका काम तथा गतिविधिहरूको पहिचान र विश्लेषण गर्ने प्रयत्न गरेको सन्दर्भमा उल्लिखित समीक्षाका

1 स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७८ जेठ २१ गते जारी गरेको प्रेस विज्ञप्ती

लागि यो अध्ययन सहयोगी हुने अपेक्षा राखिएकोछ । कन्सोर्टियम नेपाल र वर्ल्ड भिजन इन्टरनेशनलको सहकार्यमा सम्पन्न यस अध्ययनका निम्न अनुसारका विशिष्ट उद्देश्यहरु रहेका छन्,

- तीनै तहका सरकारले बालबालिकालाई लक्षित गरी के कस्ता कोभिड-१९ प्रतिकार्य नीति बनाएका छन् त्यसको अध्ययन र विश्लेषण गर्ने,
- तीनै तहका सरकार र नागरिक समाज संस्थाले कोभिड-१९ प्रतिकार्यमा बालबालिकालाई केन्द्रित गरी के कस्ता कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् भन्ने कुराको पहिचान गर्ने,
- कोभिड-१९ को असरबाट बालबालिकालाई सुरक्षित राख्नको लागि तीनै तहका सरकार र नागरिक समाजका संघसस्थाहरूले सञ्चालन गरिरहेका काममा रहेको अन्तर र चुनौतीको पहिचान गर्ने,
- कोभिड-१९ को असरबाट बालबालिकालाई सुरक्षित राख्नको लागि तीनै तहका सरकार र नागरिक समाजका संघसंस्थाहरूले गर्नुपर्ने कामका लागि ठोस सिफारिस गर्ने ।

यो अध्ययन सन् २०२१ को जुन र जुलाई गरी दुई महिना भित्र सम्पन्न गरिएको थियो ।

यस अध्ययनका लागि गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । यस विधि मार्फत प्राथमिक र द्वीतियक तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ । देशभरका सातैवटा प्रदेशबाट २/२ वटाको दरले १४ वटा स्थानीय पालिकाहरूलाई समेटि उक्त पालिकाका मेयर वा उपमेयरसँग अर्न्तवार्ता गरिएको छ । यसैगरी, चारवटा प्रादेशिक सामाजिक विकास मन्त्रालयका कोभिड-१९ नियन्त्रय गर्ने सयन्त्रका जिम्मेवार पदाधिकारीसँग अर्न्तवार्ता गरिएको छ । साथै विभिन्न जिल्लामा रहेका बालबालिकाहरूबीचमा लक्षित समूह छलफल गरिएको छ । संघीय सरकारका महत्वपूर्ण मन्त्रालयहरु, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा

सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्का जिम्मेवार व्यक्तिहरूसँग अन्तर्वार्ता गरिएको छ । यसैगरी यस अध्ययनका क्रममा बालबालिकाको क्षेत्रमा लामो समयदेखि काम गरिरहेका विज्ञ व्यक्तित्वहरूसँग प्रत्यक्ष साक्षात्कार गरी उनीहरूले दिएका महत्वपूर्ण सल्लाह सुझावलाई विश्लेषण गरिएको छ ।

सरकारहरूले गरेका कामहरूलाई हेर्दा संघीय सरकारले मापदण्ड तथा निर्देशिका तयार गर्ने, प्रदेश सरकारले यस्ता मापदण्ड तथा निर्देशिका कार्यान्वयनको लागि स्थानीय तहसँग समन्वय र कार्यान्वयनको लागि आवश्यक नीतिगत तयारी गर्ने काम गरिरहेको अध्ययनले देखाएको छ भने स्थानीय तहका सरकारहरूले पनि तयार भएका मापदण्ड, नीति, नियम तथा निर्देशिकाको कार्यान्वयनको लागि काम गरिरहेको पाइएको छ । यसैगरी नागरिक समाजका संघसंस्थाहरूले पनि आफ्नो कार्यक्षेत्र अनुसार तीनै तहका सरकारहरूसँग समन्वय गरी आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराई रहेका छन् । यद्यपी कतिपय अवस्थामा अत्यावश्यक मापदण्ड, नीति नियम तथा निर्देशिका नबन्दा र त्यसको कार्यान्वयनको लागि उपयुक्त वातावरण नबन्दा त्यसले कोभिड-१९ बाट बालबालिकालाई सुरक्षित राख्ने काममा चुनौती देखा परेका छन् ।

## नेपालमा कोभिड-१९ बाट बालबालिकामा परेको प्रभाव

कोभिड-१९ ले नेपाली बालबालिकाको शारीरिक, मानसिक, स्वास्थ्य तथा शिक्षाको विकासमा प्रत्यक्ष रूपमा असर पारेको छ । कोभिड-१९को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले जारी गरेको बन्दाबन्दीले बालबालिका थप जोखिममा परेको अध्ययनले देखाएकोछ । घरबाहिर निस्किन नपाउँदा बालबालिकाको शारीरिक तथा मानसिक विकासमा प्रत्यक्ष रूपमा प्रभाव पारे को देखिन्छ । कोभिड-१९को समयमा कतिपय बालगृहहरूमा स्रोतको अभाव भएको कारण आश्रित बालबालिका थप समस्यामा परेका छन् ।

कोभिड-१९को कारण विद्यालय बन्द, आवातजावतमा बन्देज रह्यो । नेपाल सरकारले बालबालिकाको सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक शिक्षासम्बन्धी मापदण्ड र निर्देशिका त बनाएको छ तर यस वैकल्पिक शिक्षाले कम्प्युटर तथा इन्टरनेटको पहुँच हुने र नहुने बालबालिकाकोबीचमा थप असमानता बढाएको तथ्यहरूले पुष्टि गरेका छन् ।

देशभरका स्थानीय तहले बनाएका क्वारेन्टाइन तथा आइसोलेसन केन्द्र बालमैत्री छैनन् । जसले कोभिड-१९ संक्रमित बालबालिकालाई त्यस्तो केन्द्रमा राख्ने र उपचार गर्ने काममा समस्या देखा परेको छ । यस अध्ययनले कोभिड-१९को कारण रोजगारी गुमाएका अभिभावकका बालबालिका पोषणयुक्त खानेकुराको अभावमा कुपोषणको मारमा पर्न सक्ने देखाएको छ । कोभिड-१९ले अभिभावक नै गुमाएका बालबालिका झन् जोखिममा परेका छन् । राष्ट्रिय बाल अधिकार परिषद्का अनुसार २०७८ जेठ मसान्तसम्ममा कोभिड-१९को कारण २ सय बालबालिकाले दुवै अभिभावक गुमाएका छन् भने करिब १२ सय बालबालिकाले आमा वा बुवा मध्ये एकजना अभिभावक गुमाएका छन् । वि.सं. २०७८ जेठ मसान्तसम्ममा कोभिड-१९ का कारण ६७ जना बालबालिकाको ज्यान गुमाएका छन् ।[2]

अध्ययनले कोभिड-१९ महामारीको समयमा बालबालिका माथि घरेलु हिंसा तथा दुर्व्यवहार र शोषणका घटनाहरू बढेर गएको पुष्टि गरेको छ । बालबालिका माथि शारीरिक, मानसिक, यौनिक तथा भावनात्मक दुर्व्यवहारका घटनाहरू बढेर गएको देखिएको छ । बन्दाबन्दीको समयमा घरायसी कामको चाप र पारिवारिक आर्थिक स्रोतको कमीले बालबालिकाहरू बालश्रममा संलग्न हुन वाध्य भएको पाइएको छ । कोभिड-१९ को समयमा बालबालिका माथि घरेलु हिंसाका घटनाहरू पनि उत्तिकै बढेका छन् । नेपाल प्रहरीका अनुसार २०७६ चैत ११ देखि २०७७ साउन १० गतेको बन्दाबन्दीको अवधिमा मात्रै ७१७ वटा बलात्कारका घटना दर्ता भएका थिए । यसैगरी १७ वटा

2 राष्ट्रिय बाल अधिकार परिषद् (२०७८) परिषद्को आर्थिक वर्ष २०७७/७८ को प्रगति प्रतिवेदन । काठमाडौं: राष्ट्रिय बाल अधिकार परिषद

बालविवाह र ७९ वटा बालयौन दुर्व्यवहारका घटना प्रहरीमा दर्ता भएका थिए भने यहि समयमा १९१३ वटा घरेलु हिंसाका घटना दर्ता भएको देखिन्छ ।

कोभिड–१९महामारीले बालबालिकाको सहभागिताको अधिकारलाई प्रत्यक्ष रूपमा असर पारेको देखिएको छ । महामारी नियन्त्रणको लागि सरकारले गरेको बन्दाबन्दीको कारण बालबालिका स्वतन्त्रतापूर्वक घुमफिर गर्ने, संगठित हुने, आफ्नो चासो र सरोकारको सवालहरूमा सूचना प्राप्त गर्ने लगायतका अधिकारबाट विमुख हुनु परिरहेको छ ।

नेपालमा कोभिड–१९को पहिलो र दोस्रो लहरमा बालबालिकालाई "मल्टी सिस्टम इनफ्लेमेटरी सिन्ड्रोम (MIS-C)" को संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड–१९ को संक्रमणको सम्भावित तेस्रो र चौथो लहरमा MIS-C संक्रमण अझ बढ्न सक्ने जनाइएको छ । तर यसको उपचार अत्यन्तै महँगो भएको कारण गरिबीको रेखामुनी रहेका अभिभावकका बालबच्चाको उपचारमा निकै समस्या हुने स्पष्ट छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रत्येक अस्पतालले २० प्रतिशत बेड बालबालिकालाई छुट्याउनु पर्ने नीतिगत निर्णय गरेको छ । यद्यपी कोभिड उपचारको लागि बनाइएका अस्पतालका शैया बालमैत्री बनाउने सम्बन्धमा अहिलेसम्म कुनै मापदण्ड बनेको छैन । जसले गर्दा कोभिड संक्रमित बालबालिकालाई अस्पतालको शैया छुट्याइए पनि बालमैत्री वातावरण र उपचार प्रणाली विकास भएको छैन । यसले कोभिड संक्रमित बालबालिकाको उपचार प्रक्रिया जोखिमयुक्त र जटिल हुनसक्ने देखिन्छ ।

## कोभिड-१९ बाट बालबालिकालाई सुरक्षित राख्न संघीय सरकारले गरिरहेका प्रयासहरू

कोभिड–१९को महामारीबाट बालबालिकालाई सुरक्षित राख्नको लागि संघीय सरकारले बिभिन्न मापदण्ड, नीति, नियम तथा निर्देशिका निर्माण गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड–१९को समयमा स्वास्थ्य सेवा

प्रवाह निर्देशिका, मातृशिशु र बालबालिकाको पोषणको सुनिश्चिततासम्बन्धी निर्देशिका तथा महामारीमा बालबालिकाको खोप नियमित गर्न निश्चित व्यक्ति (फोकल पर्सन) तोक्ने निर्देशिका जारी गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९को सम्भावित तेस्रो लहरमा बालबालिकालाई असर पार्न सक्ने अनुमान गरी सम्पूर्ण अस्पतालमा २० प्रतिशत शैया बालबालिकालाई छुट्याउनु पर्ने नीतिगत व्यवस्था गरेको छ । नेपाल सरकारले राष्ट्रिय बाल अधिकार परिषद् मार्फत कोभिड-१९को कारण अभिभावक गुमाउने बालबालिकाहरूको विस्तृत तथ्यांक संकलन गरिरहेको छ । यसरी संकलन गरिएको तथ्यांक प्रत्येक दिन सार्वजनिक समेत गर्दै आएको छ । कोभिड-१९ को कारण अभिभावक गुमाएका बालबालिकाको सम्पूर्ण जिम्मेवारी नेपाल सरकारले लिने नीतिगत निर्णय गरेको छ ।

कोभिड-१९ संक्रमित तथा कोभिडका कारण समस्यामा परेका बालबालिकालाई राष्ट्रिय बाल अधिकार परिषद् मार्फत पौष्टिक आहार उपलब्ध गराउने व्यवस्था रहेको छ । महामारीको समयमा बाल विवाह तथा बालबालिका माथि भइरहेका घरेलु हिंसा नियन्त्रणको लागि हटलाइन सेवा सञ्चालन गरिएको छ । साथै "कोभिड क्राईसिस चिल्डेन रेस्पोन्स टिम" निर्माण गरी परिचालन गरेको छ ।

कोभिड-१९ ले सिकाइमा पारेको असरलाई कम गर्न नेपाल सरकारले कोभिड प्रभावित बालबालिकाको लागि वैकल्पिक सिकाइसम्बन्धी तात्कालिक कार्ययोजना निर्माण गरेको छ । नेपाल टेलिकमसँगको सहकार्यमा "क्लोज युजर ग्रुप" बनाइ बालबालिकालाई निशुल्क सिमकार्ड वितरण गरी मासिक ५ जिवी डाटा बालबालिकाले निशुल्क चलाउन मिल्नेगरी व्यवस्था गरिएको छ । नेपाल टेलिभिजन तथा एफएम रेडियोहरूबाट वैकल्पिक शिक्षाको सामग्रीहरु नियमित रूपमा प्रसारण भइरहेका छन् । विद्यालय पुनः सञ्चालन कार्ययोजना निर्माण गरेको छ । यसैगरी वैकल्पिक माध्यमबाट शिक्षालाई निरन्तरता दिनको लागि मापदण्ड निर्माण गरिएको छ । साथै शिक्षकलाई प्रविधिमैत्री बनाउनको लागि आवश्यक तालिम उपलब्ध गराइएको छ ।

## कोभिड-१९ बाट बालबालिकालाई सुरक्षित राख्न प्रदेश सरकार र स्थानीय तहहरूले गरिरहेका प्रयासहरू

कोभिड–१९बाट बालबालिकालाई सुरक्षित र स्वस्थ राख्नको लागि लुम्बिनी प्रदेश सरकारले लुम्बिनी प्रादेशिक अस्पतालमा कोभिड संक्रमित बालबालिकाको लागि छुट्टै युनिटको व्यवस्था गरेको छ । प्रादेशिक तथा प्रदेश अर्न्तगतका जिल्ला अस्पतालमा २० प्रतिशत बेड बालबालिकाको लागि छुट्याउन पहल भइरहेको छ । स्वास्थ्यकर्मीलाई बालमैत्री स्वास्थ्य उपचारसम्बन्धी तालिम दिने र बालबालिकाको मानसिक स्वास्थ्यको अवस्थामा सुधार ल्याउनको लागि सूचना प्रविधि, हटलाइन तथा एफएम रेडियो मार्फत मनोसामाजिक परामर्श सेवा सञ्चालन भैरहेको छ । कोभिड संक्रमित बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने र कोभिडको कारण अभिभावक गुमाएका बालबालिकालाई ५ हजार रूपैयाँ राहात उपलब्ध गराइएको छ । सामाजिक विकास मन्त्रालयमा शैक्षिक क्षेत्र विषयगत समिति गठन गरी वैकल्पिक शिक्षालाई व्यवस्थित गर्न पहल गरिएको छ ।

यसैगरी कोभिड–१९ महामारीबाट बालबालिकालाई सुरक्षित राख्नको लागि स्थानीय तहले संघीय सरकारले बनाएका मापदण्ड तथा निर्देशिका र प्रादेशिक सरकारले दिएका निर्देशनहरूलाई कार्यान्वयनमा ल्याइरहेका छन् । कतिपय स्थानीय तहले बालमैत्री क्वारेन्टाइन र आइसोलेसन केन्द्र निर्माण गरेका छन् । महिला स्वास्थ्य स्वयंसेविका मार्फत कोभिड–१९बाट बालबालिकालाई सुरक्षित राख्नको लागि चेतना अभिवृद्धि गर्ने, स्थानीय स्वास्थ्य चौकीमा बालमैत्री युनिट र बालबालिका फोकल पर्सन तोक्ने लगायतका काम स्थानीय तहबाट भएका छन् । स्थानीय तहमा बाल स्वास्थ्यसम्बन्धी सूचना प्रवाह, घरदैलो कार्यक्रम र परामर्श सेवा नियमित रूपमा सञ्चालित छन् । स्थानीय एफएम मार्फत बालबालिकालाई मनोसामाजिक परामर्श दिने, कोभिड संक्रमित अभिभावकका बालबालिका तथा संक्रमित बालबालिकालाई पौष्टिक आहारा वितरण, कुपोषणको समस्यामा रहेका बालबालिकाको उद्दार र उपचारको व्यवस्थामा समेत स्थानीय तहले काम गरिरहेको देखिन्छ । कोभिडबाट

अभिभावक गुमाएका र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई शिक्षा र खानपिन सहितको सम्पूर्ण सुरक्षाको व्यवस्था स्थानीय तहले गरेका छन् । वैकल्पिक माध्यमबाट पठनपाठनलाई सुचारु गर्ने र यसको लागि वडा तथा पालिकास्तरीय वैकल्पिक सिकाइ सहजीकरण समन्वय समिति गठन भई कार्य गरिरहेका छन् ।

## कोभिड-१९बाट बालबालिकालाई सुरक्षित राख्न नागरिक समाजका संघसंस्थाहरूले गरिरहेका प्रयासहरू

कोभिड–१९को महामारीबाट बालबालिकालाई सुरक्षित गर्न नागरिक समाजका संघसंस्थाहरूले विभिन्न काम गरिरहेका छन् । उनीहरूले गरिरहेका कामहरूमा बालबालिकाको उपचारको लागि आवश्यक पर्ने स्वास्थ्य सामग्री उपलब्ध गराउने, सरकारी मापदण्ड तथा नीति नियम र निर्देशिकाको कार्यान्वयनको लागि पैरवी गर्ने जस्ता कामहरु प्रमुख रहेका छन् । यसैगरी सरोकारवालाहरूको बीचमा नियमित रूपमा छलफल चलाउने, बाल स्वास्थ्यलाई प्रवर्द्धन गर्नको लागि चेतनामूलक कार्यक्रम गर्ने, बालबालिकालाई मास्क, सेनिटाइजर लगायतका सामग्री वितरण गर्ने, कोभिड संक्रमित विपन्न र गरिब बालबालिकाको लागि उपचारमा सहयोग गर्ने, औषधी वितरण गर्ने लगायतका कामहरु पनि उनीहरूले गरिरहेका छन् । बाल मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने मनोसामाजिक परामर्श क्लिनिक सञ्चालन गर्ने काममा पनि सक्रिय छन् । नागरिक समाजका संघ संस्थाहरूले कतिपय स्थानहरूमा कोभिड संक्रमित बालबालिकालाई नियमित रूपमा पौष्टिक आहार वितरण गरिरहेका छन् ।

नागरिक समाजका संघ संस्थाहरूले गरिरहेका अन्य कामहरूमा स्थानीय तहसँगको समन्वयमा प्रारम्भिक बालविकास सिकाइको लागि स्वयंसेवक परिचालन, घरमा रहेर बालबालिकाले सिक्न सक्ने विषयवस्तुहरूको पर्चा (लिफ्लेट) बनाएर घरदैलो कार्यक्रम जस्ता सिर्जनशील कामहरूलाई लिन सकिन्छ । कोभिडको कारण समस्यामा परेका बालबालिकालाई उद्धार

गर्ने, उनीहरूको लागि बालगृह सञ्चालन गर्ने काममा समेत नागरिक समाजका संघसंस्थाहरु सक्रिय रहेकाछन् । यसैगरी बालबालिकाको वैकल्पिक सिकाइको लागि बजेट विनियोजन गर्नको लागि स्थानीय तहमा पैरवी गर्ने, बालबालिकाको अवस्था थाहा पाउन अध्ययन, अनुसन्धान र सर्वेक्षण गर्ने लगायत आम सञ्चारमाध्यम मार्फत बालबालिकाको सिकाइ निरन्तरताका लागि समेत नागरिक समाजका संघ संस्थाहरूले प्रयास गरिरहेका छन् ।

## कोभिड-१९ को महामारीमा बाल स्वास्थ्यलाई सुधार गर्न तीनै तहका सरकार र नागरिक समाजका संघसंस्थाहरूले गरिरहेका प्रयासहरू

संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरूले कोभिड-१९ महामारीको समयमा बालबालिकालाई स्वास्थ्य सेवा प्रदान गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । कोभिड-१९को असर, रोकथाम र नियन्त्रणको लागि संघीय तहमा रहेका सम्पूर्ण मन्त्रालयहरु अन्तर्गत विषयगत निर्देशन समितिहरु गठन गरिएको छ । यस्ता समितिहरूले प्रादेशिक मन्त्रालयहरूसँग समन्वय गरी काम गरिरहेका छन् । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अर्न्तगत गठित विषयगत समन्वय समितिले बालबालिका सहितका अन्य लक्षित वर्ग तथा समुदायको संरक्षणको लागि नीति निर्माण गर्ने र मापदण्ड तय गर्ने काम गरिरहेको छ । समितिले सम्पूर्ण प्रदेशको सामाजिक विकास मन्त्रालयसँग निकट समन्वयमा काम गरिरहेका छ । प्रादेशिक सरकारले कोभिड-१९बाट बालबालिकाहरूको सुरक्षा र संरक्षणको लागि स्थानीय तहका सरकारसँग समन्वय र सहकार्यमा काम गरिरहेको छ । संघीय सरकारले संघीयस्तरमा सिसिएमसी र जिल्ला तहमा डिसिएमसी स्थापना गरी कोभिड-१९ नियन्त्रणको लागि एकद्वार नीति लागू गरेको छ ।

## कोभिड-१९ ले बालबालिकाको मानसिक स्वास्थ्यमा पारेको असरलाई कम गर्न चालिएका कदमहरू

कोभिड-१९ नियन्त्रणको लागि नेपाल सरकारले हालसम्म दुई पटक देशव्यापी बन्दाबन्दी गर्‍यो । बन्दाबन्दीले कोभिड-१९ को संक्रमण दरलाई नियन्त्रण गर्न मद्दत त गरयो तर यसले बालबालिकाको मानसिक स्वास्थ्यमा भने प्रतिकुल असर पारेको देखिन्छ । विद्यालयहरू बन्द छन् । अभिभावकहरु आफैं विभिन्न समस्यामा भईरहँदा बालबालिकाले मानसिक दबाबको सामना गर्नुपरिरहेको छ । यस अवस्थामा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले सिएमसीसँगको समन्वयमा मानसिक स्वास्थ्य परामर्श सेवा सञ्चालन गरिरहेको छ । यसका लागि पैसा नलाग्ने फोन (टोल फ्रि नम्बर) १६६००१८५०८० सञ्चालनमा ल्याएकोछ । यसैगरी स्थानीय तह र प्रदेश तहले पनि बालबालिकाको मानसिक स्वास्थ्यको लागि परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिरहेका छन् ।

## कोभिड-१९ले बालबालिकाको पोषणमा पारेको असरलाई न्युनीकरण गर्न चालिएका कदमहरू

कोभिड-१९को संक्रमण देखिनु पहिलेबाट नै नेपाल सरकारले बालबालिकामा रहेको कुपोषणको समस्यालाई सम्बोधन गर्नको लागि राष्ट्रिय पोषण रणनीति बनाइ कार्यान्वयन गरिरहेको छ । यसैगरी बहुक्षेत्रीय पोषण योजना र सुनौला हजार दिन कार्यक्रम संघीय सरकारले कार्यान्वयन गरिरहेको छ । गम्भीर कुपोषणबाट बालबालिकाहरूको मृत्यु कम गर्नको लागि सरकारले पोषणको अवस्था अत्यन्तै कमजोर रहेका देशभरका १९ वटा जिल्लाहरूमा पोषण पुर्नस्थापना केन्द्रको स्थापना गरी सञ्चालन गरिरहेको छ । विद्यालय जाने बालबालिकालाई दिवा भोजन तथा नास्ताको व्यवस्था गरिएको छ । उक्त कार्यक्रमहरु बन्दाबन्दीको समयमा पनि निरन्तर नै सञ्चालनमा रहेका थिए । यद्यपी कोभिडको कारण विद्यालय बन्द भएको कारण यो कार्यक्रम प्रत्यक्ष रूपमा प्रभावित हुन पुगेको छ । संघीय, प्रादेशिक तथा स्थानीय

सरकार र नागरिक समाजका संघसंस्थाहरूले कोभिड संक्रमित अभिभावकका बालबालिका र संक्रमित बालबालिकालाई पौष्टिक आहार वितरण गर्ने, विपन्न तथा लक्षित समुदाय केन्द्रित पौष्टिक आहार वितरण कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । कतिपय प्रदेशले कुपोषणमुक्त प्रदेश कार्यक्रम पनि सञ्चालन गरिरहेका छन् । नागरिक समाजका संघसंस्थाहरूले लक्षित समुदाय तथा वर्गका बालबालिकाको लागि भनेर सामुदायिक भान्सा (कम्युनिटी किचेन) कार्यक्रम पनि सञ्चालन गरिरहेका छन् ।

## कोभिड-१९ले बढाएको घरेलु हिंसाको कमिका लागि चालिएका कदमहरू

संघीय सरकारले घरेलु हिंसामा परेका बालबालिकाको उद्धार तथा उपचारको प्रवन्ध गरेको छ । यसैगरी हिंसा तथा दुर्व्यवहारका घटनाको बारेमा तत्काल उजुरी गर्नको लागि हटलाइन सेवा सञ्चालन र "कोभिड क्राईसिस चिल्ड्रेन रेस्पोन्स टिम" समेत स्थापना गरी काम गरिरहेकोछ । यसैगरी प्रदेश सरकारले लैङ्गिक हिंसा तथा बालबालिकासम्बन्धी गुनासो संकलनको लागि हटलाइन सेवा सञ्चालन, बन्दाबन्दीको समयमा बालबालिका माथि हुने घरेलु हिंसा, दुर्व्यवहार कम गर्न अभिभावक, तथा बालबालिका शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ । यसैगरी प्रदेश अर्न्तगतको सामाजिक विकास मन्त्रालयमा बाल हिंसा न्यूनीकरण युनिट गठन गरिएका छन् ।

स्थानीय तहले बाल क्लबसँगको समन्वय र सहकार्यमा बन्दाबन्दीको समयमा बालबालिका माथि हुने हिंसा र दुर्व्यवहार विरूद्ध अभियान सञ्चालन गरिरहेका छन् । यसैगरी बाल हिंसा न्यूनीकरणको लागि बजेट विनियो जन गर्ने, हटलाइन सेवा, घरदैलो कार्यक्रम, चेतना अभिवृद्धिको गतिविधिहरू सञ्चालन गरिरहेका छन् । यसैगरी नागरिक समाजका संघसंस्थाहरूले आमा समूह, बाल क्लब, युवा तथा किशोरी समूहसँगको समन्वयमा बालबालिका माथि हुने घरेलु हिंसा र दुर्व्यवहार नियन्त्रणको लागि काम गरिरहेका छन् ।

## कोभिड-१९ को समयमा बाल सहभागिताको लागि गरिएका पहलहरू

बालबालिकाको सहभागिताको अधिकारलाई सुनिश्चित गर्नको लागि तीनै तहका सरकार र नागरिक समाजका संघसंस्थाहरूले विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेका छन् । कतिपय स्थानीय तहहरूले नागरिक समाजका संघसंस्थाहरूसँगको समन्वयमा भित्तेपत्रिकाको प्रकाशन गरेका छन् । बालबालिकालाई अनलाइन प्लेटफर्म निर्माण गर्दै स्थानीय एफएमसँगको समन्वय र सहकार्यमा बालबालिका लक्षित कार्यक्रम सञ्चालनमा छन् । यस्ता कार्यक्रममा बालबालिकाले पठाएका कथा, कविता लगायतका सामग्रीहरू प्रसारण गरिएका छन् । कतिपय स्थानीय तहहरूले बालबालिकालाई अनलाइन मार्फत स्थानीय योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रियामा सहभागिता सुनिश्चित गरेका छन् । संघीय सरकारले बाल सहभागिता निर्देशिका बनाएको छ । प्रदेश सरकारले कोभिड-१९ महामारीको समयमा पनि प्रदेश तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकालाई भर्चुअल माध्यमबाट सहभागी गराएका छन् । स्थानीय तहले बाल क्लबको भर्चुअल माध्यमबाट बैठक बस्ने, तथा बालबालिकालाई लक्षित गरी भर्चुअल माध्यमबाट तालिम प्रदान गर्ने लगायतका काम गरिरहेका छन् ।

## कोभिड-१९ महामारीमा बालबालिकाको वैकल्पिक सिकाइका लागि गरिएका प्रयासहरू

महामारीको समयमा विद्यालय बन्द भएपछि वैकल्पिक सिकाइको क्षेत्रमा तीनै तहका सरकार र नागरिक समाजका संघसंस्थाहरूले विभिन्न कार्यहरू गरिरहेका छन् । संघीय सरकारले नीतिगत रूपमा वैकल्पिक शिक्षण सिकाइसम्बन्धि निर्देशिका तथा वैकल्पिक सिकाइसम्बन्धी तत्कालिक कार्य योजना निर्माण गरेको छ । यसैगरी, नेपाल दूरसञ्चार प्राधिकरणसँगको समन्वयमा क्लोज युजर ग्रुप बनाई सञ्चालन गरिएको छ । यस अर्न्तगत विपन्न तथा गरिब

विद्यार्थीलाई निशुल्क सिमकार्ड वितरण गरी मासिक रूपमा ५ जिबी डाटा बालबालिकाले निशुल्क प्रयोग गर्न मिल्ने गरी व्यवस्था मिलाइएको छ । टेलिभिजन, एफएम रेडियो, युट्युव लगायतका माध्यमबाट वैकल्पिक शिक्षण सामग्रीहरु प्रसारण गरिएको छ । नागरिक समाजका संघसंस्थाहरूसँगको समन्वय र साझेदारीमा स्वःअध्ययन सामग्रीहरु निर्माण गरी वितरण भएको छ । विद्यालय पुनःसञ्चालन गर्न न्यूनतम मापदण्ड निर्माण गर्ने काम संघीय सरकारले गरिरहेको छ । प्रदेश तहले वैकल्पिक शिक्षाको लागि आवश्यक कार्यविधि तथा नीति निर्माण र कार्यान्वयनमा सहजीकरण गरिरहेको छ । यसैगरी सामाजिक विकास मन्त्रालयमा शैक्षिक क्षेत्र विषयगत समिति गठन गरी वैकल्पिक शिक्षालाई व्यवस्थित गर्न पहल भैरहेको छ ।

**वैकल्पिक सिकाइका लागि हाम्रो घर हाम्रो पाठशाला कार्यक्रम**

वर्ल्ड भिजन इन्टरनेशनलले हाम्रो घर हाम्रो पाठशाला कार्यक्रम सामुदायिक सूचना नेटवर्क (सिआइएन) मार्फत देशभरका ३ सय ५० भन्दा बढी एफएम रेडियोबाट सञ्चालन गरिरहेको छ । यसमा बालबालिकालाई सिक्नको लागि घर पनि एउटा राम्रो पाठशाला हो भन्ने सन्देश सहितका सामग्रीहरु प्रसारण हुने गर्दछन् । कार्यक्रममा बालबालिकाले लेखेका कथा कविता वाचन गरिन्छ । बाल संरक्षणका सवालहरु समेटिन्छन् । यसैगरी घरमा बसेको समयमा के कस्ता कुराहरु बालबालिकाले सिक्न सक्छन् भन्ने विषयलाई कार्यक्रममा स्थान दिइन्छ । रेडियो कार्यक्रमलाई कम्युनिटी मोबिलाइजेसनको माध्यमबाट विपन्न तथा पछाडि परेका समुदायका बालबालिकासम्म पुऱ्याउने योजना बनाइरहेको छ । वर्ल्ड भिजनको कार्यक्रममा दर्ता भएका बालबालिका (रजिष्टर्ड चाईल्ड-आरसि) लाई प्रत्येक हप्ता सामुदायिक परिचालकले भेट्नै पर्ने व्यवस्था छ र उक्त समयमा रेडियो बोकेरै समुदायमा जाने र कार्यक्रम सुनाउने योजना बनाइएको छ ।

वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिनको लागि स्थानीय तहले विभिन्न काम गरिरहेका छन् । जसमा अनलाइन मार्फत भर्चुअल पठनपाठन सञ्चालन, इन्टरनेट सुविधा नपुगेकाको लागि एफएम रेडियो तथा केवल

टिभिबाट वैकल्पिक कक्षा सञ्चालन भईरहेको छ । स्थानीय तहले वडा स्तरीय वैकल्पिक सिकाइ सहजीकरण समन्वय समिति गठन गरेका छन् । शिक्षकलाई सूचना प्रविधिमैत्री बनाउनको लागि तालिम प्रदान गर्ने, नागरिक समाजका संघ संस्थाहरूसँगको सहकार्यमा बालबालिकालाई प्रोत्साहित गर्ने सिकाइलाई निरन्तरता दिने कार्यहरु गरिरहेका छन् ।

### वैकल्पिक शिक्षणको लागि भरतपुर महानगरपालिकाको पहल

भरतपुर महानगरपालिकाले विद्यालय जान नपाएका बालबालिकालाई लक्षित गरी बालबालिकाको सिकाइ सहजीकरणका लागि अभिभावक सहयोगी पुस्तिका निर्माण गरेको छ । कक्षा ५ सम्मका बालबालिकालाई घरभित्रै कसरी सिकाउन सकिन्छ भन्ने कुरामा उक्त पुस्तिका केन्द्रित छ । करेसाबारी, घरभित्रका काम, घरभित्र र वरिपरि खेल्न सकिने खेल, बालबालिकाले सिक्नै पर्ने जीवनोपयोगी सीपका कुराहरु, कथा कविता लेखन लगायतका विषयहरु उक्त पुस्तिकामा समावेश गरिएको छ । महानगरपालिकाले कोभिडको दोस्रो लहरसँगै उक्त पुस्तिका बनाएर २५ हजार प्रति छपाइ गरी स्थानीय शिक्षक तथा स्वयंसेवक मार्फत महानगरपालिकामा रहेका सम्पूर्ण विद्यार्थीको घरघरमा पुर्‍याइएको थियो । यो पुस्तिका पुर्‍याउने क्रममा घरदैलो कार्यक्रम गरी पुस्तिकाको बारेमा अभिभावकलाई जानकार गराइएको थियो । यसैगरी कोभिड र यसबाट बालबालिकालाई पर्न सक्ने असर र त्यसबाट जोगिनको लागि अपनाउनुपर्ने सावधानीका बारेमा पनि अभिभावक र बालबालिकालाई सचेत गराइएको थियो । यसैगरी विद्यालय आउन नपाएका बालबालिकालाई डिप्रेसन जस्ता मानसिक समस्या हुनसक्ने सम्भावनालाई कम गर्न र घर घरमा रहेका बालबालिकालाई विद्यालयसँग जोडि राख्नको लागि भनेर महानगरपालिका अभियान चलाइएको छ । यस अभियान अन्तरगत महानगरपालिका भित्रका विद्यालयहरूका सम्पूर्ण प्रधानाध्यापकहरूले आफ्ना विद्यार्थीलाई व्यक्तिगत रूपमा सम्बोधन गरेर पत्र पठाएका छन् । जसमा बालबालिकाले घरमा बसेर सिक्न सक्ने, गर्नुपर्ने कुराहरु र विद्यालय उनीहरूको प्रतिक्षा गरिरहेको विषय समेटिएको छ । यसले बालबालिकामा विद्यालय प्रति आकर्षण बढाइराख्न मद्दत मिलेको छ ।

## तीनै तहका सरकार र नागरिक समाजका संघसस्थाहरूले गरिरहेका काममा रहेका केही कमिकमजोरीहरू

नेपाल सरकारले हालसम्म कोभिड-१९बाट बालबालिकालाई सुरक्षित राख्नको लागि बाल अधिकार व्यवस्थापन मापदण्ड बनाएको छैन । यसैगरी मानवीय संकटको समयमा बाल अधिकार संरक्षणका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिका समेत सरकारले बनाउन सकेको छैन । तीनै तहका सरकारकाबीचमा बालबालिकालाई कोभिड-१९ बाट सुरक्षित राख्नको लागि प्रभावकारी समन्वय संयन्त्रको स्थापना हुन सकेको छैन । कोभिड-१९ले सबैभन्दा धेरै असर पारेको सीमान्तकृत, अपांगता भएका दुर्गम क्षेत्रका सुविधाविहिन गरिब परिवारका बालबालिकालाई लक्षित गरेर तीनै तहका सरकारले बजेट विनियोजन गरेका छैनन् ।

कोभिड-१९को कारण धेरै बालबालिकाले विद्यालय छाडेका छन् । यस्ता बालबालिकालाई पुनः विद्यालय फर्काउनको लागि तीनै तहका सरकारले स्पष्ट र ठोस योजना बनाएका छैनन् । कोभिड-१९ संक्रमित बालबालिकाको बालमैत्री उपचारको लागि आवश्यक मापदण्ड निर्माण हुन सकेकोछैन । विद्यालयमा दिवा खाजा मार्फत पौष्टिक आहारको मात्रा पुर्‍याइरहेका गरिब विपन्न तथा लक्षित वर्ग तथा समुदायका बालबालिका कोभिड-१९को कारण विद्यालय बन्द भएपछि फेरी कुपोषणको दुष्चक्रमा फस्न सक्ने सम्भावना बढेर गएकोछ । विद्यालय भन्दा बाहिर रहेर विपन्न र गरिब परिवारका बालबालिकालाई पौष्टिक आहार उनीहरु समक्ष पुर्‍याउने स्पष्ट र ठोष प्रणाली सरकारले बनाउन सकेको छैन ।

## कोभिड-१९ को असरबाट बालबालिकालाई सुरक्षित राख्नको लागि आइपर्ने प्रमुख चुनौतीहरू

कोभिड-१९ बाट असर परेका बालबालिकाहरूसम्बन्धी खण्डिकृत सूचना व्यवस्थापनको लागि तीनै तहका सरकारबीच एकीकृत प्रणालीको स्थापना

तथा सञ्चालन हुन सकेको छैन । यसले बालमैत्री स्वास्थ्य नीति लागू गर्न चुनौती सृजना गरेको छ । स्थानीय सरकारले विद्यालयमा बालबालिकालाई दिदै आएको दिवा खाजा कार्यक्रमको बजेट अन्यत्रै रकमान्तर गरेका छन् । कोभिड-१९बाट असर परेका बालबालिकाहरूको हितमा सरकारी र गैरसरकारी श्रोतको प्रभावकारी परिचालन हुन सकेको छैन । बन्दाबन्दीले बालअधिकार कार्यान्वयनमा जटिलता थपेको छ । कोभिड-१९  को कारण बालबालिकाले बालक्लब तथा सञ्जालहरूको बैठक गर्न, बालभेला सञ्चालन गर्न र समस्या तथा कार्यक्रम राख्न समेत नसक्दा बालबालिकाका मुद्दाहरु ओझेल परेका छन् । वैकल्पिक शिक्षाको नाममा डिजिटल डिभाईसहरु, कम्प्युटर, ल्यापटप, मोबाईलहरूको प्रयोगमा हुने र नहुनेबीचमा ठूलो असमानता छ । जसबाट दुई वर्गका विद्यार्थी तयार हुदै गएका छन् । शिक्षाको असमानताको खाडल बढेर गएको छ ।

## प्रमुख सुझावहरू

- तीनै तहका सरकार र नागरिक समाजका संघसंस्थाहरूले कोभिडको समयमा बाल अधिकार संरक्षणमा काम गर्नको लागि स्पष्ट रणनीति तय गर्नु पर्दछ । कोभिड-१९ बाट असर परेका बालबालिकाको समग्र सुरक्षाको लागि तीनै तहका सरकारले आवश्यक समन्वय र सहकार्य गर्ने स्पष्ट मापदण्ड र निर्देशिका निर्माण गर्नु जरूरी छ । कोभिड-१९ संक्रमित वा यसबाट असर परेका बालबालिकाहरूसम्बन्धी खण्डिकृत सूचना व्यवस्थापनको लागि तीनै तहका सरकारबीच एकीकृत प्रणालीको स्थापना तथा सञ्चालन गरिनुपर्दछ ।

- कोभिड-१९ को जोखिमबाट बालबालिकालाई सुरक्षित राख्नको लागि आवश्यक पर्ने सर्वाङ्गिण पक्षलाई समेटेर कोभिड-१९ मा बालमैत्री व्यवस्थापन मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यस मापदण्डमा कोभिड-१९ संक्रमित गर्भवती महिला, सुत्केरी, नवजात शिशु, तथा नाबालकको स्वास्थ्य सुरक्षाको लागि

स्पष्ट प्रावधानहरु समेट्नु पर्दछ ।

- कोभिड-१९ले बालबालिकामा मनोवैज्ञानिक त्रास सिर्जना गरेकोछ । यसबाट बालबालिकालाई बाहिर निकाल्नको लागि मनोसामाजिक परामर्श उपलब्ध गराउनु आवश्यक छ । यसका लागि शसस्त्र द्वन्द्व र भूकम्पको समयमा देशभरबाट ठूलो संख्यामा सामुदायिक कार्यकर्ता र शिक्षकले यससम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम पाएका छन् । यस्ता तालिम प्राप्त व्यक्तिको खोजी गर्नको लागि स्थानीय तहले द्रुत लेखाजोखा (Rapid Assessment) गरी आफ्नो स्थानीय तहमा रहेका परामर्शदाता मार्फत बालबालिकालाई मनोसामाजिक परामर्शको अभियान सञ्चालन गर्नु आवश्यक छ ।

- स्थानीय सरकारले विद्यालयमा दिवा खाजा पाइरहेका ECD देखि कक्षा ५ सम्मका विद्यार्थीको डेटा बेस बनाएर निश्चित दिन तोकी अभिभावकलाई सम्बन्धित विद्यालयमा बोलाई सामाजिक दूरी कायम गरी पौष्टिक खाद्यन्न वितरण गर्ने प्रणाली मिलाउनु पर्दछ । यसरी वितरण भएको पौष्टिक खाद्यान्न बालबालिकाले उपभोग गरे/नगरेको वडा स्तरीय समन्वय समिति र स्वयंसेवक मार्फत अनुगमन गरी त्यसको प्रतिवेदन तयार गरिनु पर्दछ ।

- संघीय सरकारले यस अघि नै निर्माण गरिसकेका क्वारेन्टाइन, आईसोलेसन सेन्टरसम्बन्धी मापदण्डलाई संसोधन गर्दै बालमैत्री प्रावधानहरु थप गर्ने र संघीय सरकारले बालबालिकाको लागि छुट्याउने निर्णय गरेको २० प्रतिशत शैयालाई बालमैत्री बनाउनको लागि तत्काल मापदण्ड तय गरिनु पर्दछ । कोभिड-१९ को पहिलो र दोस्रो लहरमा बालबालिकालाई देखिएको "मल्टी सिस्टम इनफ्लेमेटरी सिन्ड्रोम (MIS-C)" को संक्रमणको उपचार अत्यन्तै महँगो हुने भएकोले संघीय सरकारले यसको उपचारको सम्पूर्ण जिम्मेवारी लिने गरी निर्देशिका बनाउनु पर्दछ ।

- कोभिडको तेस्रो लहरमा बालबालिका बढी संक्रमित हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै संघीय तहमा कान्ति बाल अस्पताल र प्रदेश तहमा एक/एक वटा अस्पताललाई कोरोना विशेष बाल अस्पतालको रूपमा स्थापना गरी आवश्यक व्यवस्था गर्ने र नेपाल सरकारले व्यवस्थापनको जिम्मेवारी लिएर अन्य निजी तथा सामुदायिक बाल अस्पताललाई समेत कोभिड-१९ संक्रमित बालबालिकाको उपचारको लागि बालमैत्री पूर्वाधार बनाइ तयारी अवस्था राख्नु पर्दछ ।
- स्थानीय सरकारले जोखिमताको मापन गरी बालमैत्री क्वारेन्टाइन सेन्टरहरूको निर्माण गर्नुपर्ने देखिन्छ । उक्त क्वारेन्टाइन सेन्टर निर्माणगर्दा बालबालिकालाई अभिभावकको पहुँच भित्र नै रहनेगरी निर्माण गरिनुपर्दछ । साथै जोखिम न्यूनीकरणकालागि स्थानीय स्तरमा निरन्तर सूचना प्रवाह, घर परिवार र समाजभित्र स्वास्थ्य मापदण्डको पूर्ण रूपमा पालना गर्नका लागि निरन्तर खबरदारी गरिनु आवश्यक छ ।

कन्सोर्टियम-नेपाल
Consortium Nepal

World Vision